# शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मितिः २०८२/०९/०४ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २७३९ मितिः२०८०/११/३० को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. १५९० मितिः २०८२/०९/०१ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दी मा रहेका साल, कर्मा, असना, दवदवे र धौटी जातका कुल जम्मा गोलिया थान २६ को २४८.१० क्यू.फिट काठ तथा साल जातको ६ चट्टा र अन्य जातको ४ चट्टा दाउरालाई हाल जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिन भित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

## श्री छग्रहवा सामुदायिक वन उपभोक्ता समूह

डुडुवा गा.पा–०५, बाँके

## कालिका कप

# भलिबल र कबड्डीमा सकिए नकआउट चरणका खेल



बुटवल, पुस ३ (मेसस) । कालिका मानवज्ञान विद्यालयको ६५ औं वार्षिकोत्सवको अवसरमा जारी कालिका कप-२०८२ मा जिल्ला स्तरीय छात्रछात्रा ...

माविका बिचमा भएको खेलमा सैनामैना मावि २-१ सेटले विजयी भएको छ । दीप बोर्डिङ मावि र देवदह पब्लिकका बिचमा भएकोमा देवदह पब्लिक मावि ...

हो । यस्तै एभरेष्ट मावि र बुद्ध पब्लिकका बिचमा भएकोमा २-१ ले एभरेष्ट मावि, कालिका मावि र स्वीन माविका बिचमा भएकोमा २-१ ले स्वीन मावि ...

# बौद्ध विश्वविद्यालयमा विदेशी विद्यार्थीको आकर्षण

लुम्बिनी, पुस ३ (मेसस) । लुम्बिनी बौद्ध विश्वविद्यालयमा विदेशी विद्यार्थीको आकर्षण बढ्दै गएको छ । बौद्ध दर्शन तथा सो सम्बन्धित विषयमा अध्ययनका लागि विदेशी विद्यार्थीको संख्या बढ्दै गएको विश्वविद्यालयले जनाएको छ । विश्वविद्यालयले मान्यता दिने निर्णय गरेको छ । चीनको शिक्षा मन्त्रालयअन्तर्गतको छात्रवृत्ति आदानप्रदान सेवा केन्द्रले विद्यार्थीले लुम्बिनी बौद्ध विश्वविद्यालयबाट प्राप्त गरेको उपाधिलाई मान्यता दिने भनी सूचिकृत गरेको छ ।

स्कुल अफ डेभलपमेन्ट स्टडिज एण्ड ... छ ।

विश्वविद्यालयले सम्बन्ध विस्तारका लागि करिब ८० अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गरेको छ । सोही सहकार्यअन्तर्गत लुम्बिनी बौद्ध विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरू सेमेस्टर एक्सचेन्जअन्तर्गत चीनका केही विद्यालयमा अध्ययनका लागि पुगेका छन् । ६४ जना विद्यार्थीले एक्सचेन्ज कार्यक्रम सकेर उपाधि हात पारेका छन् । केही समयअघि मात्रै ४८ जना विद्यार्थीहरूले चीनका विश्वविद्यालयमा अध्ययनका लागि पूर्ण छात्रवृत्ति हासिल गरेका थिए ।



लुम्बिनीमा बौद्ध दर्शन केन्द्रीत र बुटवल तथा देवदहमा प्रयोगिक बौद्धअन्तर्गतका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहमा विदेशी विद्यार्थीहरू भर्ना भएका छन् । विश्वविद्यालयमा चीन, भारत, श्रीलंका, भुटान, म्यानमार, जापान, मलेसियालगायतका देशका विद्यार्थीहरूले अध्ययन गरिरहेका छन् । सबैभन्दा धेरै चीनका विद्यार्थीहरू रहेका छन् । बुद्धिज्म एण्ड नेपाल स्टडिज, बुद्धिज्म एण्ड पीस, बुद्धिज्म एण्ड हिमालयसहितका विषयमा विदेशी विद्यार्थीको आकर्षण देखिएको हो ।

लुम्बिनी बौद्ध विश्वविद्यालय बौद्ध अध्ययन संकायका डीन डा.माणिकरत्न शाक्यले विद्यावारिधिदेखि स्नातक तहसम्म विदेशी विद्यार्थीहरू भर्ना भएको ... एलाइड साइन्सका निर्देशक डा.कुमार खड्काले चीनमा विश्वविद्यालयको उपाधिले मान्यता पाउने निर्णयले विदेशी विद्यार्थीको संख्या बढ्दै जाने बताए । 'चिनियाँ विद्यार्थीहरू प्रमाणपत्रले मान्यता पाउछ कि पाउँदैन भन्नेमा चिन्तित थिए, अब त्यो समस्या समाधान भएको छ' उनले भने ।

विश्वविद्यालयले देवदहमा शैक्षिक गुरुयोजना कार्यान्वयन गरी १६ हजार विदेशी विद्यार्थी अध्यापन गराउने लक्ष्य राखेको छ । सो योजना कार्यान्वयनको चरणमा रहेको विश्वविद्यालयले जनाएको छ ।

विश्वविद्यालयले विदेशी विद्यार्थीको सहजताका लागि छात्रावाससमेत निर्माण गरिरहेको छ । सो पूर्वाधारपछि अझ धेरै विद्यार्थी बढ्ने अपेक्षा गरिएको ...

## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मिति: २०८२/०९/०४ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २७६९ मिति:२०८०/११/३० को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू बाहेक आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. १९७० मिति: २०८२/०९/०१ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दी मा रहेका साल, करम, असना, खयर र चौंटी जातका कुल जम्मा गोलिया थान २६ को २८८.७० क्यु.फिट काठ तथा साल जातको ६ चट्टा र अन्य जातको ४ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको हो । इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सूचीकृत भएका स.मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र शिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिन भित्र शिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री छग्रहवा सामुदायिक वन उपभोक्ता समूह**
डुडुवा गा.पा.-०६, बाँके